# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७३।०४।३० गते

# प्रेस विज्ञप्ति

यातायात व्यवस्था कार्यालय, वागमती, ललितपुरमा कार्यरत प्राविधिक ना.सु. सुर्यबज्र बज्राचार्यले लाइसेन्स नविकरण गरि दिने भनी सेवाग्राहीसंग रु १५,०००।- (अक्षरुपी पन्ध्र हजार मात्र) घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाण्डौबाट खटि गएको टोलीले रु.१५,०००।- (अक्षरुपी पन्ध्र हजार) घुस रकम लिदै गर्दाको अवस्थामा निज प्राविधिक ना.सु. सुर्यबज्र बज्राचार्यलाई घुस रकम सहित पक्राउ गरी अनुसन्धान हुंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज प्राविधिक ना.सु. सुर्यबज्र बज्राचार्य उपर बिगो रु.१५,०००।- (अक्षरुपी पन्ध्र हजार) कायम गरी सोही ऐनको दफा ३(१) र ३(१)(क) बमोजिम दण्ड सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(कृष्णहरि पुष्कर)
सहसचिव एवं प्रवक्ता